मिति २०७७/१०/१३ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या ९८/२०७७ को निर्णयहरू:-

१. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/४१/३४९-२०७७/१०/१२ को "प्रादेशिक औद्योगिक व्यवसाय ऐन, २०७५ लाई संशोधन र एकिकरण गर्ने सम्बन्धी विधेयकको मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

२. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/६६/३५०-२०७७/१०/१२ को "माननीय मन्त्री कृष्णराज सुवेदीको उपचार खर्च वापतको रकम भुक्तानीका लागि निर्णय हुनुपर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"सामाजिक विकास मन्त्रालयबाट भुक्तानी हुने गरी प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

३. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/६७/३५१-२०७७/१०/१२ को "कोभिड संक्रमितहरुलाई हवाई उध्दार गरे वापतको रकम भुक्तानीका लागि निर्णय हुनुपर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

४. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/६८/३५२-२०७७/१०/१२ को "प्रदेश आयुर्वेद चिकित्सालय, कैलालीको संलग्न तालिका बमोजिमको ३७ जनाको अस्थायी दरबन्दी स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

५. माननीय मुख्यमन्त्रीज्यूबाट बैठकमा प्रस्तुत भएको प्रदेश पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका केही आयोजनाहरु स्थानीय तहबाट कार्यान्वयन गर्नका लागि सशर्त अनुदानका रुपमा हस्तान्तरण गर्ने सम्बन्धी मौखिक प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने:-

"प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयनका लागि छनौट तथा सिफारिस भै आएका आयोजनाहरुमध्ये लागत र सेवा प्रवाहको, प्रभावकारिताको दृष्टिले स्थानीय तहबाट कार्यान्वयन गर्न उपयुक्त हुने आयोजनाहरु विनियोजन ऐन, २०७७ को दफा ५ को उपदफा (१) बमोजिम सशर्त अनुदानको रुपमा सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्ने।"

६. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/४५/३४०-२०७७/९/१३ को "सम्मान र पदक प्रदान गर्ने सम्बन्धी मापदण्ड, २०७७ लाई स्वीकृति प्रदान गर्ने" सम्बन्धी प्रस्ताव प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/९/१३ गते बसेको ९६ औं बैठकमा पेश हुँदा म.प. बैठकबाट "थप छलफलका लागि मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा पठाउने" भन्ने निर्णय भएकोमा सो समितिको मिति २०७७/१०/८ गतेको बैठकमा उक्त प्रस्तावसाथ पेश भएको मापदण्डको नाम र दफा दफा तथा खण्ड खण्डमा छलफल गरी परिमार्जन सहित तयार पारिएको **प्रदेश विभुषण सम्बन्धी कार्यविधि,** २०७७ को मस्यौदा सहित भौतिक पूर्वाधार विकास मन्त्रीको समेत जिम्मेवारी सम्हाल्नुभएका माननीय मुख्यमन्त्रीज्यू मार्फत प्रतिवेदन प्रदेश सरकार (मन्त्रिपरिषद्) को वैठकमा आवश्यक निर्णयार्थ पेश हुन आएकोमा सो सम्बन्धमा देहाय बमोजिम गर्ने:-

"भौतिक पूर्वाधार विकास मन्त्रीको समेत जिम्मेवारी सम्हाल्नुभएका माननीय मुख्यमन्त्रीज्यूको प्रतिवेदन साथ परिमार्जन सहित प्रदेश सरकार (मन्त्रिपरिषद्) को वैठकमा पेश भएको "**प्रदेश विभुषण सम्बन्धी कार्यविधि,** २०७७" को मस्यौदालाई स्वीकृति प्रदान गर्ने ।"

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली २०७४

२०७७/१०/१३

प्रमुख सचिव

७. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/४५/२४४-२०७६/११/१९ को "अस्पताल तथा स्वास्थ्य संस्थाहरुको स्तरोन्नति सम्बन्धी प्रस्ताव स्वीकृती प्रदान गर्नेबारे" सम्बन्धी प्रस्ताव प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/११/२० गते बसेको ६७ औं बैठकमा पेश हुँदा म.प. वैठकबाट "आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा छलफलका लागि पठाउने" भन्ने निर्णय भएकोमा सो समितिको मिति २०७७/१०/८ गतेको वैठकमा उक्त प्रस्तावउपर छलफल गर्दा स्तरोन्नति हुँदाको लाभ लागत विश्लेषण, सेवा दिनुपर्ने जनसंख्या, दीगोपना, प्राविधिक एवं जनशक्तिको व्यवस्थापकीय पक्ष समेतको ठोस विश्लेषण सहित प्रचलित कानून र प्रदेशको सर्वोत्तम हितलाई ध्यानमा राखी आवश्यक कारवाही अगाडि बढाउन सामाजिक विकास मन्त्रालयबाट पेश भएको उक्त प्रस्तावमा सैद्धान्तिक सहमति प्रदान गर्ने सम्बन्धमा आवश्यक निर्णय हुन समितिका संयोजक माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीको प्रतिवेदन माननीय मुख्यमन्त्रीज्यू मार्फत प्रदेश सरकार (मन्त्रिपरिषद्) को बैठकमा आवश्यक निर्णयार्थ पेश हुन आएकोमा सो सम्बन्धमा देहाय बमोजिम गर्नेः-

"सामाजिक विकास मन्त्रालयको "अस्पताल तथा स्वास्थ्य संस्थाहरुको स्तरोन्नति सम्बन्धी प्रस्ताव स्वीकृती प्रदान गर्नेबारे" सम्बन्धी प्रस्तावमा सैद्धान्तिक सहमति प्रदान गर्ने ।"

८. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/६२/३२८-२०७७/८/२२ को "प्रादेशिक आयुर्वेद चिकित्सालय, धनगढीको अस्थायी दरबन्दी स्वीकृत गर्ने" सम्बन्धी प्रस्ताव प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/८/२३ गते बसेको ९४ औं बैठकमा पेश हुँदा म.प. वैठकबाट "थप छलफलका लागि मन्त्रिपरिषद्को आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा पठाउने" भन्ने निर्णय भएकोमा सो समितिको मिति २०७७/१०/८ गतेको वैठकमा उक्त प्रस्तावउपर छलफल गर्दा प्रदेशको सर्वोत्तम हितका सन्दर्भमा दरवन्दी संरचनाको आवश्यकता र औचित्यता पुष्टि हुने गरी प्रस्ताव उपर पुनःविचार गर्न उक्त प्रस्ताव सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने र सो फिर्ता पठाउने निर्णयलाई अनुमोदनका लागि समितिका संयोजक माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीको प्रतिवेदन माननीय मुख्यमन्त्रीज्यू मार्फत प्रदेश सरकार (मन्त्रिपरिषद्) को बैठकमा पेश गर्ने निर्णय भई समितिका संयोजक माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीको प्रतिवेदन माननीय मुख्यमन्त्रीज्यू मार्फत प्रदेश सरकार (मन्त्रिपरिषद्) को वैठकमा आवश्यक निर्णयार्थ पेश हुन आएकोमा सो सम्बन्धमा देहाय बमोजिम गर्नेः-

"प्रदेश मन्त्रिपरिषद्, आर्थिक, सामाजिक तथा पूर्वाधार समितिको मिति २०७७/१०/८ को निर्णय अनुमोदन गर्ने।"

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

२०७७।१०।१२

प्रमुख सचिव